# लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर

## परीक्षण प्रविधि तथा अनुसन्धान शाखा

## राजपत्र अनंकित प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह र राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहका प्राविधिक पदहरुको अब उप्रान्त सञ्चालन हुने परीक्षाको उत्तरपुस्तिका OMR मेशिनबाट परीक्षण हुने वारेको सूचना

आयोगबाट सञ्चालन हुने राजपत्र अनंकित प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह र राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहका **प्राविधिक पदहरुको** परीक्षामा ५० वटा वस्तुगत बहुवैकल्पिक प्रश्नहरु रहने र सो को उत्तर दिँदा परीक्षार्थीहरुले उत्तरपुस्तिकामा A B C D मध्ये सही उत्तर लेख्ने गरी आएकोमा अब उप्रान्त अर्थात् नायव सुब्बा वा सो सरहका प्राविधिक पदहरुको यही वैशाख २१ गते देखि सञ्चालन हुने परीक्षादेखि परीक्षाका उत्तरपुस्तिकाहरु OMR मेशिनबाट परीक्षण गर्ने व्यवस्था मिलाइएकोले सो को सट्टा बबलभित्र A B C D लेखिएका उत्तरपुस्तिका हुने र सही उत्तर रहेको बबललाई कालो डटपेनले भर्न पर्ने गरी आयोगको मिति २०७०/१/५ को निर्णयानुसार परीक्षा पद्धति कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उत्तरपुस्तिकाको ढाँचा र सो भर्ने तरिका देहाय बमोजिम रहेको छ ।



**<u>परीक्षार्थीले याद गर्नु पर्ने कुराहरुः</u>**

१. उत्तरपुस्तिकाको माथिल्लो भाग अर्थात् नाम, थर, रोल नम्बर, ठेगाना आदि भर्दा बबलको प्रत्येक column मा एउटामात्र बबल भर्नु पर्नेछ । बबल भर्न नपर्ने ठाउँमा भने लेख्नु पर्नेछ ।

२. उत्तरपुस्तिकाको तल्लो भाग अर्थात् प्रश्नको उत्तर दिँदा बबलको प्रत्येक Row मा एउटा मात्र बबल भर्नु पर्नेछ । एकभन्दा बढी बबल भरेमा उत्तर गल्ति भई सो वापत २०% अंक कट्टा हुनेछ ।

३. कसैको रोल नम्बर पछि “क” लेखिएको भएमा **त्यस्ता परीक्षार्थीहरुले मात्र** थप रोल नम्बरको बबल भर्नु पर्नेछ ।

४. परीक्षामा कालो मसीको डटपेनमात्र प्रयोग गर्नु पर्नेछ ।

५. उत्तरपुस्तिकालाई पट्याउन वा दोबार्न हुंदैन ।

६. यो सूचना आयोगको वेबसाइट **www.psc.gov.np** मा समेत हेर्न सकिनेछ ।

**Website: www.psc.gov.np**